# हार्दिक शुभ कामना



आदरणीय पाष्टर गुरुबा रोबर्ट कार्थक यही २०७७ पौष २६ गते/जनवरी १० तारिख, २०२१ बुधबार ९५ वर्ष पूरा गरी ९६ औं वर्षमा प्रवेश गर्नुभएकोमा नेइमका सम्पूर्ण परिवारको तर्फबाट हार्दिक शुभ कामना व्यक्त गर्दछौं साथै उहाँको सम्पूर्ण आशिष्मय जीवन र सेवकाइको निम्ति परमेश्वर पितालाई धन्यवाद चढाउँछौं । आगामी दिन र वर्षहरूमा पनि पवित्र आत्माको भरपूरीमा परमेश्वरबाटको अझ प्रशस्त आशिष्को लागि प्रार्थना गर्दछौं ।

# जानकारी



बालुवापाटी बस्नुहुने नेइम बालुवापाटी चर्चको सदस्य श्री **राज कुमार मगर** २५ वर्षको उमेरमा २०७७ कार्तिक २४ गते/नोभेम्बर ५ तारिख २०२०, बिहीबार प्रभुमा सुत्नुभयो ।



गोकर्ण बस्नुहुने नेइम जोरपाटी चर्चको सदस्य श्रीमती **न्हुच्छे माया सुचिकार** ८७ वर्षको उमेरमा २०७७ मंसीर १९ गते/डिसेम्बर ४ तारिख २०२०, शुक्रबार प्रभुमा सुत्नुभयो ।

## हार्दिक बधाई




२०७७ मंसीर २ गते/नोभेम्बर १७ तारिख २०२०, मंगलबार नेइम पनौती चर्चको सदस्य सुश्री **सुनिता मिजार** र कृपा चर्च, सिनामंगलको सदस्य श्री **अभिनय बिसुखें**को नेइम पनौती चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **अभिनय** र **सुनिता बिसुखें**लाई मण्डली परिवारका तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



२०७७ मंसीर ३ गते/नोभेम्बर १८ तारिख, २०२० बुधबार नेइम ज्ञानेश्वर चर्चको सदस्य सुश्री **ममता खड्का** र नेपाल जागृति चर्च, जोरपाटीको सदस्य श्री **अनिल गिरी**को इम्मानुएल बाइबल मिसनेरी चर्च, सिन्धुपाल्चोकमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **अनिल** र **ममता गिरी**लाई मण्डली परिवारका तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



२०७७ मंसीर २५ गते/डिसेम्बर १० तारिख, २०२० बिहीबार नेइम ज्ञानेश्वर चर्चको सदस्यहरू श्री **अनुग्रह प्रजापति** र सुश्री **महिमा तामाङ्**को नेइम ज्ञानेश्वर चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **अनुग्रह** र **महिमा प्रजापति**लाई मण्डली परिवारका तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



२०७७ मंसीर २६ गते/डिसेम्बर ११ तारिख २०२०, शुक्रबार नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री **सिमोन अधिकारी** र त्रिपुरेश्वर खीष्टिय चर्चको सदस्य सुश्री **एस्तर मगर**को नेइम भैसेपाटी चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **सिमोन** र **एस्तर अधिकारी**लाई मण्डली परिवारका तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



२०७७ मंसीर २८ गते/डिसेम्बर १३ तारिख, २०२० आइतबार नेइम भैसेपाटी चर्चको सदस्य सुश्री **करिश्मा बस्नेत** र रेनेसा खीष्टिय चर्च, कुसुन्तीको सदस्य श्री **सागर लम्साल**को नेइम भैसेपाटी चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **सागर** र **करिश्मा लम्साल**लाई मण्डली परिवारका तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



२०७७ पौष ५ गते/डिसेम्बर २० तारिख, २०२० आइतबार नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री **सनम अधिकारी** र होसन्ना चर्च, धापासीको सदस्य सुश्री **लक्ष्मी मल्ल ठकुरी**को होसन्ना चर्च, धापासीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **सनम** र **लक्ष्मी अधिकारी**लाई मण्डली परिवारका तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



२०७७ मंसीर २८ गते/डिसेम्बर १३ तारिख, २०२० आइतबार नेइम जोरपाटी चर्चको सदस्यहरू श्री **अमृत लामा** र सुश्री **देवकी जिरेल**को नेइम जोरपाटी चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **अमृत** र **देवकी लामा**लाई मण्डली परिवारका तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



२०७७ पौष १२ गते/डिसेम्बर २७ तारिख, २०२० आइतबार नेइम धापासी चर्चको सदस्य श्री **सुरेश दर्लामी** र अनन्त आशा चर्चको सदस्य सुश्री **अनिता राई**को अनन्त आशा चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **सुरेश** र **अनिता दर्लामी**लाई मण्डली परिवारका तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार** Sunday | १९ 3<br>यो वर्ष नेपाली इसाई मण्डली साथै शाखा/आवद्ध मण्डलीहरू अझ आशिषित् भएर जानको लागि परमेश्वरबाटको विशेष अगुवाइ मागौं ।<br>यशैया ५४:२-३ | २६ 10<br>संसारका सबै मानिसहरूले येशू खीष्ट नै प्रभु अनि मुक्तिदाता हुनुहुन्छ भनी विश्वास गर्न सकून् ।<br>यूहन्ना ८:१२, १७:३ | ४ 17<br>अगुवाको स्थानमा रहनु-भएकाहरू उदाहरण भएर परमेश्वरको प्रेममा उहाँको बगाललाई हेरचाह गर्न र परमेश्वरमा डोऱ्याउन सकून् ।<br>१ पत्रुस ५:१-४ | ११ 24<br>नेपाल देशमा रहेका सम्पूर्ण साना-ठूला मण्डलीहरू साक्षीको जीवन जिएर प्रभुलाई महिमा दिन सकून् ।<br>२ कोरिन्थी २:१४-१५ | १८ 31<br>आराधना सेवा साथै अन्य संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ मागिदिऔं ।<br>एज्रा ७:९-१० |
| **सोमबार** Monday | २० 4<br>नेपालको विभिन्न कारागारमा भइरहेको सेवा संगतिहरूद्वारा अझ धेरैले येशू प्रभुलाई चिन्न सकून् ।<br>यशैया ६१:१-३ | २७ 11<br>नेइम परिषदका सबै गुरुजनहरूको सेवकाइ, परिवार, काम, व्यवसाय, स्वास्थ्य सम्पूर्ण कुराहरूको लागि आशिष् मागिदिऔं ।<br>भजनसंग्रह २३:१-६ | ५ 18<br>मण्डलीका विश्वासीहरू रीतिविधिमा जिउनेहरू, धर्मकर्म गर्नेहरू साथै मन तातो भएर जिउनेहरू कोही पनि नहोऊन् ।<br>प्रकाश ३:१५-१६ | १२ 25<br>परमेश्वर प्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाईबाट दशांश साथै अन्य भेटी चढाउने काममा सधैं इमान्दार भइरहन सकौं ।<br>२ कोरिन्थी ९:६-७, ११ | १९ February 1<br>विश्वासी परिवारकाहरू सधैं प्रभुको प्रेममा रही अरूहरूको निम्ति आशिषित् बन्न सकून् ।<br>रोमी १५:१-३ |
| **मंगलबार** Tuesday | २१ 5<br>मण्डलीमा पूरा समय काम गर्ने सेवक/सेविकाहरू प्रभुमा अझै समर्पित भएर सेवकाइ गर्न सकून् ।<br>यूहन्ना १५:१६, एफिसी ६:६-७ | २८ 12<br>हरेक अभिभावकहरू प्रभुमा रहेर साथै उदाहरण भएर आफ्ना छोराछोरीहरूलाई ठीक सरसल्लाह र शिक्षामा हुर्काउन सकून् ।<br>व्यवस्था ६:४-९, एफिसी ६:४ | ६ 19<br>मण्डलीका पाको उमेरका सबै वृद्ध/वृद्धाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४६:४ | १३ 26<br>मण्डलीका सबै बालबालिका-हरूले सानै उमेरमा साँचो परमेश्वरलाई चिन्न सकून् ।<br>मर्कूस १०:१३-१६ | २० 2<br>मण्डली संख्यामा मात्र होइन आत्मिक परिपक्वतामा पनि अझै अघि बढेर जान सकून् ।<br>२ तिमोथी ३:१४-१७ |
| **बुधबार** Wednesday | २२ 6<br>यो वर्ष सुसमाचारको काममा मण्डली अझ लागिपरेको कारण धेरै जना परमेश्वरको राज्यमा आउन सकून्<br>रोमी १०:१४-१५ | २९ 13<br>अधुरो घर परिवारकाहरू सबै विश्वासमा आउनको लागि पवित्र आत्माले नै उहाँहरूका हृदयको आँखा खोलिदिऊन् ।<br>प्रेरित १६:१४-१५, ३१ | ७ 20<br>मण्डलीका सबै विश्वासीहरू सँधै प्रार्थनामा जागा रहनेहरू हुन सकून् ।<br>१ थेसलोनिकी ५:१६-१८ | १४ 27<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीभाइ र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी भएर जिउन सकून्।<br>२ कोरिन्थी ३:२-३, | २१ 3<br>मण्डलीका विश्वासीहरू सधैं एक आपसमा प्रेममा रही परमेश्वरलाई महिमा दिनेहरू हुन सकौं ।<br>१ पत्रुस ४:८-११, २ यूहन्ना ६ |
| **बिहीबार** Thursday | २३ 7<br>बाल संगतिका बाल बालिकाहरूको आत्मिक जीवनको साथै पढाइ, स्वास्थ्य, सुरक्षा सबै क्षेत्रमा प्रशस्त आशिष् मागिदिऔं ।<br>लूका २:४०, ५२ | १ माघ 14<br>मण्डलीमा प्रार्थनाको लागि आउनुहुने रोगी बिरामी, भूत आत्मा लागेका, चिन्ताफिक्री साथै विभिन्न बन्धनले पिडित भएकाहरूको लागि प्रार्थना गरिदिऔं।<br>मत्ती ११:२८, मर्कूस १६:१६-१८, | ८ 21<br>नेपालका सम्पूर्ण मण्डलीका विश्वासीहरूमा आइपर्ने कुनै पनि समस्याको कारण विचलित नभई प्रभुमा स्थिर रहन सकून् ।<br>हिब्रू १२:१-३ | १५ 28<br>मण्डलीका सबै बा, दाजु-भाइहरू परमेश्वरको प्रेममा रही घर परिवार, मण्डली र समाजमा आशिष्को कारण हुन सकून् ।<br>हितोपदेश १४:२५-२७ | २२ 4<br>भारतको मुम्बई, पुना र अन्य ठाउँहरूमा बेचिएका नेपाली चेलीबेटीहरूको उद्धारको लागी प्रार्थना गरौं ।<br>यर्मिया ३१:४,११ र १६ |
| **शुक्रबार** Friday | २४ 8<br>लागु पदार्थ, जाँड, रक्सी, चुरोट तथा अरू विभिन्न किसिमका बन्धनमा फसेका सबैले छुट्कारा पाई आशिषित जीवन सकून् ।<br>कलस्सी २:२१-२२ | २ 15<br>आफूले पाएको विभिन्न वरदानहरू मण्डली निर्माणको लागि प्रेम, विश्वास र नम्रतामा सबै परमेश्वरको महिमाको निम्ति चलाउन सकून् ।<br>रोमी १२:३-८ | ९ 22<br>विभिन्न उद्देश्य लिएर मण्डलीमा आउनुहुने हरेकले परमेश्वरको वचन सुनेर उहाँहरूको हृदय परिवर्तन भएको होस् ।<br>हिब्रू ४:१२-१३ | १६ 29<br>हामी कोही पनि रीतिविधिको रूपमा मात्र सेवामा सहभागी नभई सत्यतामा परमेश्वरको आराधना गर्न तयार भएर आउन सकौं ।<br>१ पत्रुस २:१-५ | २३ 5<br>मण्डलीका विश्वासीहरू वचन सुन्ने मात्र होइन तर वचन पालन गरेर परमेश्वरलाई साँचो प्रेम गर्नेहरू हुन सकून् ।<br>याकूब १:१९-२५ |
| **शनिबार** Saturday | २५ 9<br>मण्डलीका प्रत्येक विश्वासी-हरूको जीवन एकअर्काको निम्ति आशिष् र आत्मिक उन्नतिको कारण बन्न सकोस् ।<br>रोमी १४:१९ | ३ 16<br>विभिन्न देशहरूमा काम, पढाइ तथा अन्य कारणले जानु-भएकाहरूको लागि सुरक्षा र सबै कुराहरूमा परमेश्वरको आशिष् मागिदिऔं ।<br>भजनसंग्रह १२१:१-८ | १० 23<br>प्रभुले मण्डलीमा थपिरहनुभएका नयाँ आत्माहरूलाई प्रभुमा हुर्काउनका निम्ति सबै जना बोझसहित लागिपर्न सकौं ।<br>मत्ती २८:१८-२० | १७ 30<br>आज जूममा हुने आराधना सेवाद्वारा मण्डली अझै आशिषित् भई प्रभुको महिमाको लागि जागृत भई अघि बढ्न सकून् ।<br>प्रेरित ४:१२-२१ | २४ 6<br>सबै इसाईहरूले क्रूसको प्रेमको अर्थ बुझेर उहाँको निम्ति जिउनेहरू हुन सकून् ।<br>२ कोरिन्थी २:१४-१७ |

**म तेरो अगिअगि जानेछु, र पर्वतहरूलाई समतल पार्नेछु । काँसाका ढोकाहरू म टुक्रा-टुक्रा पार्नेछु र फलामका बारहरू काट्नेछु । म परमप्रभु हुँ, म नै इस्राएलका परमेश्वर हुँ, मैले नै तँलाई तेरो नाउँ काढेर बोलाएको छु भनेर तैंले थाहा पाउनलाई म तँलाई अँध्यारो ठाउँमा भएको भण्डार र गुप्त स्थानमा जम्मा गरेको धन दिनेछु ।**

**यशैया ४५:२-३**